प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
बुटवल, रुपन्देही

**प्रथम पटक सुचना प्रकाशन मितिः २०८०/११/२९**

कृषि विकास निर्देशनालय, रुपन्देहीको आ.व. २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ***स्वदेशी वर्णशंकर बीउ उत्पादन गर्ने संघ/संस्था/कम्पनीलाई जग्गा भाडामा अनुदान*** कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले १० दिनभित्र (मिति २०८०/१२/८ गते कार्यालय समयभित्र) यस कार्यालयमा तपशिलको कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, संचालन कार्यविधि यस कार्यालयको सुचनापाटी/वेवसाइट www.doad.lumbini.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर ०७१५३३१०५ मा सम्पर्क गर्न सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिलः

| क.सं | कार्यक्रम | संचालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम संचालन हुने स्थान | आवेदकको किसिम | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|
| १ | स्वदेशी वर्णशंकर बीउ उत्पादन गर्ने संघ/संस्था/कम्पनीलाई जग्गा भाडामा अनुदान | जग्गा भाडामा अनुदान सहयोग | • वर्णशंकर बीउ उत्पादनका लागि इजाजत पत्र प्राप्त गरेको हुनु पर्ने<br>• जग्गा भाडामा लिएर करार सम्झौता गरेको हुनु पर्ने<br>• न्युनतम क्षेत्रफल:<br>खाद्यान्न बाली: तराईमा १ हे. पहाड: ०.२५हे<br>तरकारी बाली: ०.१ हे. | लुम्बिनी प्रदेश अन्तर्गतका जिल्लाहरु | वर्णशंकर बीउ उत्पादनका लागि इजाजत पत्र प्राप्त गरेको संघ/संस्था/कम्पनी | जग्गा भाडा सम्झौता रकमको ५०% वा प्रति हेक्टर वार्षिक अधिकतम रु ४० हजार अनुदान |

संलग्न गर्नुपर्ने कागजातहरुः

१. प्रस्तावकको निवेदन (अनुसूची ३५ बमोजिम)

२. संस्था दर्ता/नवीकरण भएको प्रमाण-पत्रको प्रतिलिपि

३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

४. कार्यक्रम संचालनको लागि व्यवसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूची ३८ बमोजिम)

५. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि

निमित्त प्रमुख

क्रमश......

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
बुटवल, रुपन्देही

६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

७. प्रस्ताव पेश गर्नेको र जग्गाधनीको नागरिकताको प्रतिलिपि

८. करार सम्झौता भएको जग्गाको मालपोत तिरेको रसिद

९. स्रोत बीउ खरिद गरेको बिल

१०. भाडामा लिएको जग्गाको लालपुर्जाको प्रतिलिपि तथा कित्ता खुलेको करार सम्झौताको प्रतिलिपि

११. बाली निरिक्षणका लागि प्रयोगशालामा पेश गरेको पूर्व जानकारी फारमको प्रतिलिपि

निमित्त प्रमुख